मिति २९ रबिउल अव्वल १४४८ हिजरी तदनुसार ११/०९/२०२६ ईस्वी

# सन्तानको पालनपोषण

निश्चय नै सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो। हामी उहाँकै प्रशंसा गर्छौं, उहाँसँगै सहायता माग्छौं र उहाँसँगै क्षमायाचना गर्छौं। हामी आफ्ना मनका खराबीहरू तथा आफ्ना कर्महरूको दुष्परिणामबाट अल्लाहको शरण माग्छौं। जसलाई अल्लाहले मार्गदर्शन गर्नुहुन्छ, उसलाई कसैले पथभ्रष्ट गर्न सक्दैन; र जसलाई उहाँले पथभ्रष्ट गर्नुहुन्छ, उसलाई कसैले मार्गदर्शन गर्न सक्दैन।

म साक्षी दिन्छु कि अल्लाहबाहेक कुनै सत्य पूज्य छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। र म साक्षी दिन्छु कि मुहम्मद ﷺ उहाँका दास र रसूल हुनुहुन्छ, उहाँका सृष्टिमध्ये चयनित तथा उहाँका घनिष्ठ मित्र हुनुहुन्छ। उहाँले नासो पूरा गर्नुभयो, सन्देश पुऱ्याउनुभयो र अल्लाहको मार्गमा जिहाद गर्नुपर्ने हकअनुसार जिहाद गर्नुभयो, यहाँसम्म कि उहाँसमक्ष निश्चित मृत्यु आइपुग्यो। अल्लाहले उहाँमाथि, उहाँका परिवार तथा सहाबाहरूमाथि प्रशस्त दया र शान्ति प्रदान गरून्।

**अल्लाह तआलाले भन्नुभएको छः**

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ حَقَّ تُقَاتِهِ وَلَا تَمُوتُنَّ إِلَّا وَأَنْتُمْ مُسْلِمُونَ} [آل عمران: 102]

**“हे ईमानवालाहरू! अल्लाहसँग त्यसरी डराऊ, जसरी उहाँसँग डराउनुपर्ने हो; र तिमीहरू मुस्लिम भएर बाहेक कदापि नमर।”** *(आल इमरान: १०२)*

**यसपछि‘**

निश्चय नै सबैभन्दा सत्य वाणी अल्लाहको किताब हो, र सबैभन्दा उत्तम मार्ग मुहम्मद ﷺ को मार्ग हो। सबैभन्दा खराब कुराहरू धर्ममा नयाँ सिर्जना गरिएका कुराहरू

हुन्। हरेक नयाँ सिर्जना गरिएको कुरा बिदअत हो, हरेक बिदअत पथभ्रष्टता हो र हरेक पथभ्रष्टता नरकमा जाने कारण हो।

**हे अल्लाहका भक्तहरू हो!**

सन्तान अल्लाहको एक ईश्वरीय अनुग्रह र उहाँका भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ, उसलाई प्रदान गरिने उहाँको विशेष उपहार हो। अल्लाह तआलाले भन्नुभएको छः

**{وَاللَّهُ جَعَلَ لَكُمْ مِنْ أَنْفُسِكُمْ أَزْوَاجًا وَجَعَلَ لَكُمْ مِنْ أَزْوَاجِكُمْ بَنِينَ وَحَفَدَةً وَرَزَقَكُمْ مِنَ الطَّيِّبَاتِ} [النحل: 72]**

**"अल्लाहले तिमीहरूकै लागि तिमीहरूबाट जोडीहरू बनाउनुभयो र तिमीहरूका जोडीहरूबाट छोराहरू र नातिनातिनाहरू बनाउनुभयो तथा तिमीहरूलाई पवित्र चीजहरूबाट जीविका प्रदान गर्नुभयो।"** *(अन-नहल: ७२)*

सन्तान जीवनको शोभा र आनन्द हुन्। तिनीहरू सबैभन्दा महान् र मूल्यवान् उपहारहरूमध्ये हुन्। तिनीहरू असल हुँदा आँखाहरू शीतल हुन्छन्, मन शान्त हुन्छ र हृदय आनन्दित हुन्छ। त्यसैले रहमानका भक्तहरूको दुआमध्ये एउटा दुआ यस्तो छः

**{رَبَّنَا هَبْ لَنَا مِنْ أَزْوَاجِنَا وَذُرِّيَّاتِنَا قُرَّةَ أَعْيُنٍ وَاجْعَلْنَا لِلْمُتَّقِينَ إِمَامًا}** [الفرقان: 74]

**"हे हाम्रा पालनकर्ता! हामीलाई हाम्रा पत्नीहरू र हाम्रा सन्तानहरूबाट आँखाको शीतलता प्रदान गर र हामीलाई धर्मपरायणहरूका लागि अगुवा बनाऊ।"** *(अल-फुरकान: ७४)*

अल्लाहले कुनै भक्तलाई प्रदान गर्नुभएको पूर्ण सफलतामध्ये एउटा यो हो कि उसको वंशबाट त्यस्ता सन्तान जन्मून् जसले केवल अल्लाहको उपासना गरून् र उहाँको कुनै साझेदार नबनाऊन्। जब मानिसले आफ्नै आँखाअगाडि आफ्नो सन्तानलाई नमाज पढिरहेको र आफ्नै सामुन्ने कुरआनका आयतहरू पाठ गरिरहेको देख्छ, तब

उसलाई अपार खुसी र आनन्दले घेर्छ। त्यसैले सन्तानको सुधार एक अत्यन्त प्रिय उद्देश्य र सर्वज्ञ तथा सूक्ष्मदर्शी अल्लाहको तर्फबाट प्राप्त हुने तौफीक तथा अवसर हो।

**हे मोमिनहरू हो!**

सन्तानको पालनपोषण एउटा महान् जिम्मेवारी र अत्यन्त गम्भीर कार्य हो, विशेषगरी आज हामीले भोगिरहेको आधुनिक युगका चुनौतीहरूको समयमा। असल तरिकाले पालनपोषण गर्न धैर्य, बुद्धिमत्ता, गम्भीरता र अनुभव आवश्यक हुन्छ।

आज सन्तान हुर्काउने तरिका हिजोको जस्तो रहेन। साधनहरू परिवर्तन भएका छन्, प्रभाव पार्ने माध्यमहरू धेरै भएका छन् र चुनौतीहरू तीव्र भएका छन्। आज एउटा बच्चा खुला संसारमा बाँचिरहेको छ। उसले यी माध्यमहरूबाट आफ्ना आमाबुबाले भनेको वा शिक्षकबाट सिकेको भन्दा बढी कुरा सुन्छ, देख्छ र प्रभावित हुन्छ। त्यसैले आजको सन्तान पालनपोषण दैनिक संघर्ष र निरन्तर धैर्यको काम हो।

अल्लाह तआलाले भन्नुभएको छः

**{يَا أَيُّهَا الَّذِينَ آمَنُوا قُوا أَنْفُسَكُمْ وَأَهْلِيكُمْ نَارًا وَقُودُهَا النَّاسُ وَالْحِجَارَةُ}** [التَّحْرِيم:6]

**"हे ईमानवालाहरू हो! आफूलाई र आफ्ना परिवारलाई त्यस आगोबाट बचाऊ, जसको इन्धन मानिसहरू र ढुङ्गाहरू हुन्।"** *(अत्-तहरीमः ६)*

हाफिज इब्ने कसीर रहिमहुल्लाहले यसको व्याख्या गर्दै भन्नुभएको छः "अर्थात् उनीहरूलाई राम्रो कामको आदेश देऊ, नराम्रो कामबाट रोक, र उनीहरूलाई बेवारिसे नछोड; अन्यथा महाप्रलय (कियामत)को दिन आगोले उनीहरूलाई निल्नेछ।"

**हे सज्जन प्राप्त भक्तहरू हो!**

आजको चुनौतीपूर्ण समयमा सन्तानको पालनपोषणमा सहयोग गर्ने सबैभन्दा महान् माध्यमहरूमध्ये एउटा हो "सानै उमेरदेखि उनीहरूको हृदयमा ईमानको बीउ रोप्नु।

जब हृदय ईमानले भरिन्छ, तब शरीरका अंगहरू सही मार्गमा चल्छन्, व्यवहार सभ्य र शिष्ट हुन्छ, र सन्तानले आफैंभित्र अल्लाहको निगरानीको भावना अनुभव गर्न थाल्छ। त्यसपछि निगरानी गर्ने व्यक्ति उपस्थित नभए पनि ऊ सही मार्गमा कायम रहन्छ।

**इब्ने अब्बास रजियल्लाहु अन्हुमाले भन्नुभयो:**

*"एक दिन म अल्लाहका रसूल ﷺ को पछाडि सवार थिएँ। उहाँले भन्नुभयो: "हे बालक! म तिमीलाई केही शब्दहरू सिकाउँछु। अल्लाहका आदेशहरूको रक्षा(पालन) गर, अल्लाहले तिम्रो सुरक्षा गर्नुहुनेछ। अल्लाहका आदेशहरूको रक्षा गर, तिमीले उहाँलाई आफ्नो अगाडि पाउनेछौ। जब तिमी माग्छौ, अल्लाहसँग माग; र जब सहायता चाहन्छौ, अल्लाहसँग सहायता माग। जानिराख, सम्पूर्ण उम्मत(समुदाय) तिमीलाई कुनै लाभ पुऱ्याउन एकत्रित भए पनि त्यति मात्र लाभ पुऱ्याउन सक्छन्, जति अल्लाहले तिम्रो लागि लेखिदिनुभएको छ। र उनीहरू सबै तिमीलाई कुनै हानि पुऱ्याउन एकत्रित भए पनि त्यति मात्र हानि पुऱ्याउन सक्छन्, जति अल्लाहले तिम्रो विरुद्ध लेखिदिनुभएको छ। कलमहरू उठाइसकिएका छन् र पानाहरू सुकिसकेका छन्।"* (तिर्मिजीले रिवायत गरेका छन् र यसलाई सहीह भनेका छन्।)

**हे मोमिनहरू हो!**

सन्तान तथा छोरीहरूको पालनपोषणमा उपयोगी माध्यमहरूमध्ये अर्को एउटा हो “सानै उमेरदेखि आदेशहरूको पालना गर्न र निषेध तथा रोक लगाइएका कुराहरूबाट टाढा रहन उनीहरूलाई प्रशिक्षण दिनु।

**अल्लाह तआलाले भन्नुभएको छः**

{وَأْمُرْ أَهْلَكَ بِالصَّلَاةِ وَاصْطَبِرْ عَلَيْهَا لَا نَسْأَلُكَ رِزْقًا نَحْنُ نَرْزُقُكَ وَالْعَاقِبَةُ لِلتَّقْوَى} [طه: 132]

**“आफ्नो परिवारलाई नमाजको आदेश देऊ र त्यसमा धैर्यपूर्वक कायम रह। हामी तिमीसँग कुनै जीविका माग्दैनौं; हामी नै तिमीलाई जीविका दिन्छौं। र अन्तिम परिणाम तक्वाका लागि हो।”** *(ताहा: १३२)*

अल्लाह तआलाले आफ्ना भक्त लुकमानले आफ्ना छोरा तथा आफ्ना हृदयका टुक्रालाई दिएको उपदेश उल्लेख गर्दै भन्नुभएको छः

{يَابُنَيَّ أَقِمِ الصَّلَاةَ وَأْمُرْ بِالْمَعْرُوفِ وَانْهَ عَنِ الْمُنْكَرِ وَاصْبِرْ عَلَى مَا أَصَابَكَ إِنَّ ذَلِكَ مِنْ عَزْمِ الْأُمُورِ} [لقمان: 17]

**“हे मेरो प्यारा छोरा! नमाज कायम गर, राम्रो कामको आदेश देऊ, नराम्रो कामबाट रोक र तिमीमाथि आइपरेको कुरामा धैर्य गर। निश्चय नै यो दृढ संकल्पका कामहरूमध्ये हो।”** *(लुकमान: १७)*

**अब्दुल्लाह बिन अम्र रजियल्लाहु अन्हुमा बाट वर्णित छ कि अल्लाहका रसूल ﷺ ले भन्नुभयोः**

*“आफ्ना सन्तानलाई सात वर्षको उमेरमा नमाजको आदेश देऊ, र दस वर्षको उमेरमा त्यसका लागि अनुशासन गराऊ तथा उनीहरूको सुत्ने ठाउँ अलग गर।”*

*(अबू दाऊद र तिर्मिजीले रिवायत गरेका छन् र यसलाई सहीह भनेका छन्।)*

बरु नबी ﷺ ले साना बालबालिकाप्रति विशेष ध्यान दिनुहुन्थ्यो र उनीहरूको अवस्था बुझ्नुहुन्थ्यो। उहाँ ﷺ को उनीहरूसँगको तरिका माया, कोमलता र प्रश्न गरेर गरिने पालनपोषणमा आधारित थियो।

उहाँले बालकलाई त्यसको महत्त्व महसुस गराउन, बानी पार्न र अल्लाहसँगको सम्बन्धमा हुर्काउनका लागि उसको नमाजको बारेमा सोध्नुहुन्थ्यो।

इब्ने अब्बास रजियल्लाहु अन्हुमा ले भन्नुभयो:

**“म मेरी सानी आमा मैमूनाको घरमा रात बसेँ। साँझ परेपछि अल्लाहका रसूल ﷺ आउनुभयो र भन्नुभयो: “के बालकले नमाज पढ्यो?” उनीहरूले भने: “हो।”**

*(अबू दाऊदले रिवायत गरेका छन् र अल्बानीले यसलाई सहीह भनेका छन्।)*

नबी ﷺ को शिक्षा केवल बाह्य इबादतहरूमा सीमित थिएन, बरु खानपान तथा अन्य व्यवहारका सूक्ष्म शिष्टाचारसम्म पनि फैलिएको थियो।

उमर बिन अबी सलमा रजियल्लाहु अन्हुमा ले भन्नुभयो:

“म अल्लाहका रसूल ﷺ को संरक्षणमा रहेको बालक थिएँ। खानाको थालमा मेरो हात यताउता घुमिरहन्थ्यो। त्यसैले अल्लाहका रसूल ﷺ ले मलाई भन्नुभयो: “हे बालक! अल्लाहको नाम लेऊ, आफ्नो दाहिने हातले खाऊ र आफ्नो अगाडिबाट खाऊ”। त्यसपछि मेरो खाने तरिका यही रह्यो। *(बुखारी र मुस्लिम)*

**हे मुस्लिमहरू हो!**

हाम्रो समयमा पालनपोषणलाई बिगार्ने सबैभन्दा धेरै प्रयोग हुने वाक्यमध्ये एउटा हो: “उसलाई छोडिदेऊ, ऊ त सानो छ।”

यो एउटा यस्तो वाक्य हो जसले गल्तीहरूलाई उचित ठहर्याउँछ, निर्देशनको प्रकाशलाई निभाउँछ र लापरवाहीको ढोका खोल्छ। फलतः छोरा आफूले चाहेको काम गर्छ र उसलाई कुनै सम्झाइँ हुँदैन; छोरीले आफूलाई मन लागेको पोशाक लगाउँछे र उसलाई पनि रोकिँदैन।

यसरी पुस्ता गल्तीमा हुर्किन्छ, बेवास्ताको बानी बस्छ र कसैले भनेको कुराको वास्ता गर्दैन।

जसलाई बाल्यकालमै राम्रोसँग रोपिन्छ, उसको जीवन युवावस्थामा फुल्छ।

अबू हुरैरह रजिल्लाहु अन्हु ले भन्नुभयो:

“हसन बिन अली रजियल्लाहु अन्हुमाले सदकाको खजुरमध्ये एउटा खजुर उठाएर मुखमा राख्नुभयो। त्यसपछि नबी ﷺ ले भन्नुभयो: “छिः छिः! ताकि उहाँले त्यसलाई निकालून्। त्यसपछि भन्नुभयो: “के तिमीलाई थाहा छैन कि हामी सदकाको वस्तु खाँदैनौं?” *(बुखारी)*

इब्नुल-कय्यिम रहिमहुल्लाहले भन्नुभएको छ:

“जसले आफ्नो सन्तानलाई उसको लागि लाभदायक कुरा सिकाउन बेवास्ता गर्छ र उसलाई त्यसै छोडिदिन्छ, उसले वास्तवमा उसमाथि अत्यन्त ठूलो अन्याय गरेको छ। धेरैजसो सन्तानको बिग्रिनुको कारण आमाबुबाकै तर्फबाट भएको लापरवाही र उनीहरूप्रतिको बेवास्ता हो। उनीहरूले सानैमा आफ्ना सन्तानलाई धर्मका अनिवार्य कर्तव्य र सुन्नतहरू सिकाएनन्, फलतः उनीहरूले आफ्ना सन्तानलाई सानैमा गुमाए; जब उनीहरू ठूला भए, न त उनीहरू आफैंलाई फाइदा भयो न त आफ्ना आमाबुबालाई।”

*चरित्र बिरुवाजस्तै उम्रन्छ,....*
*यदि त्यसलाई सद्गुणको पानीले सिँचियो भने।*
*यो तब ठडिएर उभिन्छ जब अभिभावकले यसको हेरचाह गर्दछन्...*

*त्यो सद्गुणको डाँठमा फलेर फल दिन्छ।*

अल्लाहले मलाई र तपाईंहरूलाई महान् कुरआन बाट बरकत प्रदान गरून्, र त्यसमा रहेका आयतहरू तथा बुद्धिमत्तापूर्ण उपदेशबाट मलाई र तपाईंहरूलाई लाभान्वित गरून्।

म आफ्नो यो कुरा भन्छु र आफ्ना तथा तपाईंहरूका सबै पापका लागि अल्लाहसँग क्षमा माग्छु। उहाँसँग तौबा गरौं। त्यसैले उहाँसँग क्षमा मागौं र तौबा गरौं। निश्चय नै उहाँ अत्यन्त क्षमाशील, अत्यन्त दयालु हुनुहुन्छ।

# दोस्रो खुत्बा

सबै प्रशंसा अल्लाहका लागि हो, उहाँको उपकारका कारण। उहाँकै लागि धन्यवाद छ, उहाँको तौफीक र अनुग्रहका कारण। र उहाँको प्रसन्नतातर्फ बोलाउने मुहम्मद बिन अब्दुल्लाह ﷺ माथि, उहाँका परिवार, सहाबा तथा कियामतको दिनसम्म उहाँकै मार्गमा हिँड्ने सबैमाथि अल्लाहको दया र शान्ति होस्।

**यसपछिः**

हे अल्लाहका भक्तहरू हो! अल्लाहसँग त्यसरी तक्वा(भए) अपनाऊ जसरी उहाँसँग तक्वा अपनाउनुपर्ने हो। गोप्य र एकान्त अवस्थामासमेत उहाँको निगरानी गर। र जानिराख कि तिमीहरू सबै उहाँकै सामुन्ने जम्मा गरिनेछौ।

**हे मुस्लिमहरू हो!**

पालनपोषणमा सहयोग गर्ने माध्यमहरूमध्ये एउटा महत्वपूर्ण माध्यम हो'असल आदर्श।

असल आदर्श भनेको शब्दबिनाको शिक्षा हो। यसले मौनरूपमा सन्तानको मनमा आफ्नो प्रभाव पार्छ। बच्चा उसले देखेको राम्रो चरित्र र सही नमूनाबाट प्रभावित हुँदै हुर्किन्छ।

त्यसैले बच्चाको व्यवहारमा विचलन र असन्तुलन ल्याउने सबैभन्दा खतरनाक कुरामध्ये एउटा हो'आमाबुबाका भनाइ र व्यवहारबीचको विरोधाभास।

अल्लाह तआलाले आफ्ना नबी ﷺ लाई उहाँभन्दा पहिले आएका नबी तथा रसूलहरूको अनुकरण गर्न आदेश दिनुभएको छः

{أُولَئِكَ الَّذِينَ هَدَى اللَّهُ فَبِهُدَاهُمُ اقْتَدِهْ} [الأنعام: 90]

**"उनीहरू नै ती हुन् जसलाई अल्लाहले मार्गदर्शन गर्नुभएको छ, त्यसैले तिमी पनि उनीहरूको मार्गदर्शनको अनुकरण गर।"** *(अल-अनआम: ९०)*

र उहाँले उम्मतलाई आफ्ना रसूल ﷺ का सम्पूर्ण भनाइ, कर्म र अवस्थाहरूमा उहाँलाई आदर्श बनाउन निर्देशन दिनुभएको छः

**{لَقَدْ كَانَ لَكُمْ فِي رَسُولِ اللَّهِ أُسْوَةٌ حَسَنَةٌ لِمَنْ كَانَ يَرْجُو اللَّهَ وَالْيَوْمَ الْآخِرَ وَذَكَرَ اللَّهَ كَثِيرًا}** [الأحزاب: 21]

**"निश्चय नै तिमीहरूका लागि अल्लाहका रसूलमा उत्तम आदर्श छ, त्यस व्यक्तिका लागि जो अल्लाह र अन्तिम दिनको आशा राख्छ र अल्लाहलाई धेरै सम्झन्छ।"** *(अल-अहजाब: २१)*

यसले देखाउँछ कि असल आदर्शको अस्तित्व समाज निर्माणका आधारभूत स्तम्भहरूमध्ये एक हो, र समाजका वरिपरिका मानिसहरूलाई लाभ पुऱ्याउने असल व्यक्तिहरू तयार पार्ने प्रमुख कारण हो।

**हे सज्जन भक्तहरू हो!**

पालनपोषणका सबैभन्दा प्रभावकारी माध्यमहरूमध्ये अर्को हो'सन्तानका रुचि तथा चासोहरूको सचेत अनुगमन गर्नु, उनीहरूको मनमा के कुरा चलिरहेको छ भन्ने बुझ्नु र उनीहरूसँग संवादको ढोका खुला राख्नु।

यसबाट अवरोधहरू हट्छन् र उनीहरूले कुराकानी तथा छलफल गर्दा सुरक्षित महसुस गर्छन्। त्यसपछि आमाबुबा केवल अभिभावकको भूमिकामा सीमित रहँदैनन्, बरु साथीजस्तो अभिभावक र सहयात्रीजस्तो जिम्मेवार व्यक्ति बन्छन्'जहाँ सम्मान र माया, निर्देशन र आत्मीयता दुवै एकसाथ हुन्छन्।

इब्राहीम अल-खलील र उहाँका छोरा इस्माईल अलैहुमास्सलाम बीच भएको यो संवादलाई विचार गरौं:

**{فَلَمَّا بَلَغَ مَعَهُ السَّعْيَ قَالَ يَابُنَيَّ إِنِّي أَرَى فِي الْمَنَامِ أَنِّي أَذْبَحُكَ فَانْظُرْ مَاذَا تَرَى قَالَ يَاأَبَتِ افْعَلْ مَا تُؤْمَرُ سَتَجِدُنِي إِنْ شَاءَ اللَّهُ مِنَ الصَّابِرِينَ}** [الصافات: 102]

**"जब उनी उहाँसँग दौडधुप गर्न सक्ने उमेरमा पुगे, तब इब्राहीमले भनेः "हे मेरा प्यारा छोरा! मैले सपनामा देखेको छु कि म तिमीलाई बलि दिइरहेको छु। अब तिमी के विचार गर्छौ?' उनले भनेः "हे मेरा बुबा! तपाईंलाई जुन आदेश दिइएको छ, त्यो गर्नुहोस्। यदि अल्लाहले चाहनुभयो भने तपाईंले मलाई धैर्य गर्नेहरूमध्ये पाउनुहुनेछ।"** *(अस-साफ्फातः १०२)*

जब यूसुफ अलैहिस्सलाम ले त्यो सपना देख्नुभयो, उहाँले आफ्नो गोप्य कुरा आफ्ना बुबासँग मात्र साझा गर्नुभयो। किनभने रहस्य त्यही व्यक्तिलाई सुम्पिन्छ जसको सामुन्ने हृदयले सुरक्षा र विश्वास महसुस गर्छ:

**{إِذْ قَالَ يُوسُفُ لِأَبِيهِ يَاأَبَتِ إِنِّي رَأَيْتُ أَحَدَ عَشَرَ كَوْكَبًا وَالشَّمْسَ وَالْقَمَرَ رَأَيْتُهُمْ لِي سَاجِدِينَ}** [يوسف: 4]

**"जब यूसुफले आफ्ना बुबालाई भनेः "हे मेरा बुबा! मैले सपनामा एघार वटा तारा तथा सूर्य र चन्द्रमा देखेको छु; मैले तिनीहरूलाई मेरो लागि सज्दा गरेको देखें।"** *(यूसुफः ४)*

*अनाथ त्यो होइन जसका आमाबुबा जीवनको दुःख समाप्त भएपछि उसलाई छोडेर गए र ऊ अपमानित अवस्थामा रह्यो।.....*

*वास्तविक अनाथ त त्यो हो, जसले आफ्ना लागि यस्तो आमा पाउँछ जो उसबाट विमुख छिन्, वा यस्तो बुबा पाउँछ जो आफ्नो काममा यति व्यस्त छ कि उसतर्फ ध्यान दिन सक्दैन।.....*

हे अल्लाह! मुस्लिम पुरुष र मुस्लिम महिलाहरूलाई क्षमा गर'जीवितहरूलाई पनि र मृतकहरूलाई पनि।

हे हाम्रा पालनकर्ता! हामीबाट विपत्ति, महामारी, दुःख र कष्ट हटाइदेऊ। हामीमाथि आफ्ना अनुग्रहहरू निरन्तर कायम राख र हामीबाट आफ्ना सजाय तथा विपत्तिहरू हटाइदेऊ।

हाम्रा आत्माहरूलाई पवित्र बनाइदेऊ। तिमी नै तिनीहरूलाई सबैभन्दा राम्रोसँग पवित्र बनाउने हौ।

हे हाम्रा पालनकर्ता! हामीलाई संसारमा पनि भलाइ प्रदान गर र आखेरतमा पनि भलाइ प्रदान गर तथा हामीलाई नरकको यातनाबाट बचाऊ।

हे अल्लाह! हाम्रा अमीर र उहाँका युवराजलाई तिमीले मन पराउने र प्रसन्न हुने कार्य गर्न अवसर प्रदान गर। उनीहरूलाई भलाइ र तक्वातर्फ डोऱ्याऊ।

यस देशलाई शान्त, सुरक्षित, समृद्ध र सुखमय बनाइदेऊ, तथा सम्पूर्ण मुस्लिम देशहरूलाई पनि।

**जुमाको नमाजका लागि नमुना खुत्बा तयार गर्ने समिति।**